# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, वैशाख ७ गते २०६२साल (अतिरिक्ताङ्क ६(अ)


## भाग १

## शाही सन्देश

**श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय**

**राजदरबार**

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट**

**एसियाली-अफ्रिकी शिखर सम्मेलन र बोआओ फोरम फर एसियाको वार्षिक सम्मेलनमा भाग लिइबक्सन इण्डोनेसियाको जाकार्ता र चीनको हाइनान प्रान्तस्थित बोआओ सवारी होइबक्सनु अघि देशवासीका नाममा बक्सेको सन्देश**

**(२०६२ साल वैशाख ७ गते, बुधबार)**

प्यारा देशवासीहरू,

आज हामी एसियाली-अफ्रिकी शिखर सम्मेलनका सह-अध्यक्षहरू गणतन्त्र इण्डोनेसियाका राष्ट्रपति महामहिम डा. सुसिलो बाम्बाङ युद्धोयोनो तथा दक्षिण अफ्रिकी गणतन्त्रका राष्ट्रपति महामहिम श्री थाबो एम्बेकीको निमन्त्रणामा जाकार्तामा हुने एशियाली-अफ्रिकी शिखर सम्मेलनमा भाग लिन गणतन्त्र इण्डोनेसियाको राजधानी जाकार्तातर्फ प्रस्थान गर्दैछौं । त्यसपछि बोआओ फोरम फर एसियाका अध्यक्ष फिलिपिन्सका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११५

पूर्व राष्ट्रपति महामहिम श्री फिडेल रामोसको निमन्त्रणामा फोरमको वार्षिक सम्मेलनमा भाग लिन जनवादी गणतन्त्र चीनको हाइनान प्रान्तको बोआओतर्फ प्रस्थान गर्नेछौं ।

एशियाली-अफ्रिकी शिखर सम्मेलनमा हाम्रो सहभागिताबाट सन् १९५५ मा वाङ डुङ्ग सम्मेलनद्वारा प्रतिपादित सिद्धान्तहरू र असंलग्न आन्दोलनप्रति नेपालको शुरूदेखिकै प्रतिबद्धता पुनः दोहोऱ्याउनुका साथै शिखर सम्मेलनमा सहभागी राष्ट्राध्यक्षहरू, सरकार प्रमुखहरू एवं एसियाली तथा अफ्रिकी नेताहरूसँग विचार आदान-प्रदान गर्ने अवसर समेत प्राप्त हुनेछ। यसबाट नेपाल र ती राष्ट्रहरूबीच रहिआएको सुमधुर सम्बन्ध र समझदारी अझ प्रगाढ हुने कुरामा हामी विश्वस्त छौं ।

विश्व व्यापीकरणका कारण एकातर्फ विश्व अर्थतन्त्र एकीकृत हुँदै गएको छ भने अर्कातर्फ क्षेत्रीय व्यापारिक समूहहरूको पनि सिर्जना भइरहेको छ। यस्तो अवस्थामा बोआओ फोरम फर एसिया जस्ता संगठनले यस क्षेत्रका जनताको भलाईका लागि एसियाली दृष्टिकोण र हितबाट निर्देशित रही क्षेत्रीय आर्थिक सहयोग अभिवृद्धि गर्नेछ र हाम्रो सहभागिताबाट यही दृष्टिकोणप्रति नेपालको विश्वास प्रतिविम्बित हुनेछ ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा छोरा श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । आशा छ, सदा झैं आफ्नो कर्तव्यप्रति सजग रही समस्त देशवासीहरूले शान्ति कायम राख्नमा आ-आफ्नोक्षेत्रबाट सहयोग गरी नै रहनेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य- रू. ५।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८